# कुश्मा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# कुश्मा, पर्वत ।

गण्डकी प्रदेश, नेपाल ।

## सिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचनाः
(दोश्रो पटक सूचना प्रकाशन मिति २०८२/०४/१२ गते)

आ.व. २०८२/०८३ मा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ एवं कुश्मा नगरपालिकाको प्रचलित कानुन र नगर कार्यपालिकाको वैठकको निर्णय बमोजिम नगरपालिकावाट कुश्मा वसपार्क संचालन तथा व्यवस्थापन गर्ने आय ठेक्का सम्बन्धी कर तथा शुल्क संकलनको कार्य ठेक्कावाट गराउनका लागि यो सूचना दोश्रो पटक प्रकाशन गरिएको छ । ईच्छुक इजाजतप्राप्त व्यक्ति, फर्म वा कम्पनीवाट तपसिलमा उल्लेखित विषय र सर्तहरुको अधीनमा रही यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र रितपुर्वकको सिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ।

**तपसिलः**

| क्र.सं | आय ठेक्का नं. | विषय/शिर्षक | न्यूनतम कवोल अंक वार्षिक (भ्याटवाहेक) | ठेक्का लाग्ने अवधि | शिलवन्दी दरभाउपत्र दस्तुर | शिलवन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|
| १. | ०१/आय/(०८२-८३) | वसपार्क संचालन तथा व्यवस्थापन गर्ने आय ठेक्का | रु. ११,१९,२५२.२० | २०८४ असार मसान्त सम्म | रु. १०००/ | २०८२/४/२७ गते दिनको १२.०० बजे सम्म |

**शर्तहरुः**

१. यो सूचना दोश्रो पटक प्रकाशन भएको मितिले १५ दिनको कार्यालय समय सम्म बोलपत्र फाराम शुल्क रु.१००० (एक हजार रुपैयाँ) भुक्तानी गरी (फिर्ता नहुने गरी) कुश्मा नगरपालिकाको कार्यालयवाट प्राप्त गर्न सकिने वा नगरपालिकाको आन्तरिक खाता नं ०६६०३००००१००१००००१ मा जम्मा गरी भौचरको सक्कल प्रति दाखिला गरी दरभाउपत्र फाराम लिन सकिनेछ ।

२. दरभाउपत्र खरीद गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाइ अन्तिम दिन मानिनेछ ।

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

३. सूचना प्रकाशन भएको मितिले सोहौं दिनको १२:०० बजे सम्म दरभाउपत्र दाखिला गर्न सकिनेछ । सोहि दिनको दिउसो २:०० बजे कार्यालय प्रतिनिधि र दरभाउपत्रदाताको रोहवरमा कार्यालयमा नै दरभाउपत्र खोलिनेछ । उक्त दिन बिदा परेमा त्यसको भोलिपल्ट दरभाउपत्र खोलिने छ । दरभाउपत्र दाता उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

४. सिलवन्दी दरभाउपत्र जमानत वापत आफूले कवोल गरेको अंकको मु. अ. कर सहित ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको नाममा नेपाल बैङ्क लिमिटेड कुश्मा शाखामा रहेको धरौटी खाता नं ०६६०३००००३००००००००१ मा जम्मा गरी दरभाउपत्र जमानत (विडवण्ड) दाखिला गर्ने अन्तिम मितिले १२० दिनको अवधी भएको समावेश गर्नु पर्नेछ ।

५. कार्यालयको छाप र कार्यालय प्रमुखबाट प्रमाणित नभएको दरभाउपत्र फारामलाई मान्यता दिईने छैन । दरभाउपत्र साथ व्यक्तिको हकमा नागरिकता प्रमाणपत्र र स्थायी लेखा नं को प्रतिलिपि, कार्यानुभव र फर्म वा कम्पनीको हकमा दर्ता प्रमाण पत्र, नवीकरण, आय कर दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपीहरु पेश गर्नु पर्नेछ।

६. दरभाउपत्रको खाममा आफूले कवोल गर्न चाहेको विषय वा शीर्षकको सूचनामा उल्लेखित दरभाउ पत्र नं. सहित कामको विषय वा शीर्षक लेखी दरभाउपत्र सिलवन्दी गरी पेश गर्नु पर्नेछ ।

७. दरभाउपत्रमा न्यूनतम अङ्क भन्दा माथि सबै भन्दा वढी कबोल गर्ने दरभाउपत्र स्वीकृत गरिनेछ ।

८. अन्य जानकारीका लागि कार्यालय समय भित्र फोन नं. ०६७-४२०१४१ मा सम्पर्क गर्न तथा कार्यालयको वेवसाइट_www.kushmamun.gov.np मा समेत हेर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत